नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ | स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९ | अंक २११ | २०७६ साल चैत ११ गते मंगलबार (24 Mar. 2020 Tuesday) | मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : कोरोना कहर : विद्युतीय कारोवारलाई ... ३ पृष्ठमा : सरकारले कोभिड-१९ का ... ३ पृष्ठमा : कोरोनाबाट विश्वभरिमा १४ ...

**२०७५ साल भदौ १ बाट लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- चौध वर्ष उमेर नपुगेका नावालकले गरेको हानी नोक्सानी वापत निजको बाबु आमाले क्षतिपूर्ति व्यहोर्नु पर्ने,
- पशुले गरेको हानि नोक्सानी वापत पशु धनिले क्षतिपूर्ति व्यहोर्नु पर्ने,
- फोहोर मैला वा कुनै वस्तु फालेको कारणबाट कसैलाई हानि, नोक्सानी भएको हानि, नोक्सानी भएकोमा सम्बन्धित घर मुलीले दायित्व व्यहार्नु पर्ने,
- कसैको सम्पत्तिमा अनधिकृत प्रवेश (ट्रेसपास) गरेको कारणले भएको हानि, नोक्सानी वापत अनधिकृत प्रवेश गर्ने व्यक्तिले दायित्व व्यहोर्नु पर्ने,
- त्रुटिपूर्ण उत्पादन गरी कुनै वस्तु वा सेवा विक्रि, वितरण गरेको कारण भएको क्षति वापत उत्पादकले दायित्व व्यहोर्नुपर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# अत्यावश्यक कामबाहेक घर बाहिर ननिस्कन सरकारको आदेश

काठमाडौँ, १० चैत (रासस)।

नेपालभर कोभिड-१९ को सङ्क्रमण फैलने सम्भावना औँल्याउँदै सरकारले मङ्गलबार बिहान ६:०० बजेदेखि यही चैत १८ गते बिहान ६:०० बजेसम्म लागू हुने गरी अत्याश्यक अवस्थाबाहेक घरबाट बाहिर ननिस्कन आदेश जारी गरेको छ।

मन्त्रिपरिषद्को आइतबारको बैठकले सङ्क्रामक रोग ऐन, २०२० को दफा २ ले दिएको अधिकार प्रयोग गरी सोको रोकथाम र निर्मूल गर्न उक्त आदेश जारी गर्ने निर्णय गरिएको हो। आदेशमा भनिएको छ, "औषधोपचार, खाद्यवस्तु खरिदजस्ता अत्यावश्यक कामबाहेक कुनै पनि व्यक्ति घरबाट बाहिर ननिस्कने।"

अनुमति प्राप्त सवारी साधन, स्वास्थ्यकर्मी, सुरक्षा निकायले प्रयोग गर्नेबाहेक सबै प्रकारका सार्वजनिक वा निजी यात्रुबाहक सवारी साधन सञ्चालनमा पूर्ण रोक लगाउने पनि आदेशमा उल्लेख छ। आदेश जारी भएसँगै सुरक्षा निकायबाट प्रयोग हुने वायुयान र तोकिएका अन्य उडानबाहेक अन्य सबै आन्तरिक व्यावसायिक उडान बन्द गर्नुपर्नेछ।

आदेशमा स्वास्थ्य, सुरक्षा, खाद्यवस्तु, खानेपानी, दूध, विद्युत्, दुरसञ्चार, सूचना तथा सञ्चार, भन्सार, क्वारेन्टाइन, फोहोरमैला व्यवस्थापनजस्ता अतिआवश्यक सेवाबाहेक अन्य कार्यालय सञ्चालनका लागि आवश्यकपर्ने कर्मचारी मात्र उपस्थित हुने व्यवस्था गरी अन्य कर्मचारीलाई आवश्यक परेका बखत तत्काल उपस्थित हुनेगरी सम्बन्धित कार्यालय प्रमुखले बिदा दिने उल्लेख छ।

औषधि तथा स्वास्थ्य उपकरण, खाद्यवस्तु, खानेपानी, दूध, इन्धन उत्पादन गर्ने उद्योगबाहेक निजी क्षेत्रबाट सञ्चालित अन्य उद्योग, कलकारखानामा काम गर्ने श्रमिक, कर्मचारीलाई सम्बन्धित उद्योगले बिदा दिने व्यवस्था मिलाउने विषय पनि आदेशमा उल्लेख छ।

व्यवसायीले औषधि र औषधिजन्य सामग्रीको नियमित आपूर्तिको व्यवस्था गर्ने, आभाव देखाइ मूल्यवृद्धि गर्ने वा कालोबजारी, जम्माखोरी गर्ने वा लुकाउने वा आपूर्तिमा अवरोध गर्ने व्यक्तिलाई प्रचलित कानूनबमोजिम नियन्त्रणमा लिने, सामाग्री जफत गरी रोगको रोकथाम र उपचारको कार्यमा उपयोग गर्ने आदेशमा भनिएको छ।

सरकारले उक्त आदेशको कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाउन सबै प्रमुख जिल्ला अधिकारीलाई मुकरर गर्ने र सोका लागि स्थानीय प्रशासन ऐन, २०२८ को समेत आवश्यकता अनुसार प्रयोग गर्ने निर्णय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सोमबार आयोजित पत्रकार सम्मेलनमा सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री डा युवराज खतिवडाले जानकारी दिनुभयो।

जारी आदेशको अवहेलना गर्ने वा काममा बाधा पुऱ्याउने व्यक्तिलाई सोही ऐनबमोजिम सजाय हुने उहाँले जानकारी दिनुभयो। नोभल कोरोना (कोभिड-१९) रोगको सङ्क्रमण रोकथाम तथा नियन्त्रणसम्बन्धी उपप्रधानमन्त्री तथा रक्षामन्त्रीको संयोजकत्वमा गठित उच्चस्तरीय समन्वय समितिको बैठकपछि पत्रकार सम्मेलनमार्फत उक्त आदेशसम्बन्धी जानकारी दिइएको थियो।

# प्रदेश २ का सबै जिल्लालाई ५० लाख

**दैनिक समाचारदाता**
**जनकपुरधाम, १० चैत।**

प्रदेश नं २ का मुख्यमन्त्री लालबाबु राउतले कोभिड-१९ र रोकथामका लागि प्रदेशका सबै जिल्लालाई ५० लाख उपलब्ध गराएको बताएका छन्।

उनले कोभिड-१९ भाइरसबाट जोगिन प्रदेशवासीलाई 'सेल्फ क्वारेन्टाइन' मा बस्न अपिल समेत गरेका छन्।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयद्वारा सोमबार जारी गरिएको अपिलमा उनले विश्वभरिनै त्रास मच्चाएको कोरोना नियन्त्रणका लागि सरकारी प्रयासमात्र पर्याप्त नभएको आम प्रदेशवासीलाई सरकारको कदमलाई समर्थन गर्दै सेल्फ क्वारेन्टाइन एकमात्र विकल्परहेको स्पष्ट पारेका छन्।

उनले प्रदेशवासीलाई आ-आफ्नै घरबाट हौसला प्रदान गर्दै सरकारको कदमलाई समर्थन गरेर सहयोग गर्न अपिल गरे।

# एक व्यक्तिमा कोभिड-१९ पोजेटिभ

काठमाडौँ, १० चैत (रासस)।

फ्रान्सबाट कतार हुँदै मङ्गलबार नेपाल आएका एक व्यक्तिमा कोरोना भाइरस पोजेटिभ देखिएको छ।

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा जाँच गर्दा १९ वर्षीया युवतीमा कोभिड-१९ पोजेटिभ देखिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा विकास देवकोटाले जानकारी दिनुभयो।

उनलाई अहिले अस्पतालको आइसोलेशनमा राखिएको सोमबार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा जनाइएको छ।

**नोवेल कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकी भन्दा जटिल सङ्क्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो।**

**यसबाट बच्ने उत्तम उपायहरुः**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसँग हात धुने,
- अनावश्यकरुपमा घर बाहिर र भिडभाडमा नजाने,
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने,
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने,

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

नोभल कोरोना भाईरस (COVID-19) रोगको संक्रमणबाट बच्न अत्यावश्यक काम बाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरुलाई सूचित गरिन्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit | WESTERN UNION MONEY TRANSFER | Best Remit | PRABHU Money Transfer | City Express | IME International Money Express | IME pay | himal remit हिमालरेमिट | CG Money | MoneyGram money transfer

# कोरोना कहर : विद्युतीय कारोवारलाई प्रोत्साहित गर्दै बैंक तथा वित्तीय संस्था

काठमाडौं, १० चैत (रासस) ।

केन्द्रीय बैंकको निर्देशनअनुसार नै बैंक तथा वित्तीय संस्थाले कोरोना भाइरसको सङ्क्रमण फैलन नदिन विद्युतीय कारोवारलाई प्रमुख प्राथमिकता दिएका छन् । ती संस्थाले बैंकमा सकेसम्म नआउन र विद्युतीयरूपमा नै कारोवार गर्न आफ्ना ग्राहकलाई प्रेरित गरेका छन् ।

पछिल्ला दिनमा बैंक तथा वित्तीय संस्थाले मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङ तथा कनेक्ट आइपीएसमार्फत पनि कारोवार वा भुक्तानी गर्नसक्ने व्यवस्था मिलाएका छन् । बैंकमा नै जानुपर्ने ग्राहकलाई पनि कर्मचारीले प्रवेशद्वारमा नै ज्वरो नाप्ने उपकरण राखेर परीक्षण गरेका छन् । स्यानिटाइजर तथा हात धुने व्यवस्था गरेका छन् ।

बैंक तथा वित्तीय संस्थाले विद्युतीय कारोवार नै सबैभन्दा प्रभावकारी हुने, त्यसले भीडभाड घटाउने र एकअर्कामा सम्पर्कसमेत नहुने स्पष्ट पारेका छन् । नेपाल राष्ट्र बैंकले कर्मचारीमा हुनसक्ने सङ्क्रमण तथा संस्थाको नियमित कामकारवाहीलाई मध्यनजर गरी यथाशक्य न्यूनतम कर्मचारीबाट सेवा चालू राख्न भनेको छ । बैंकका कार्यकारी निर्देशक देवकुमार ढकालका अनुसार 'रिमोट एक्सेस, वर्क फम हाउस तथा सिफ्ट वाइज वर्क' को व्यवस्था गर्न निर्देशन दिइएको छ ।

यस्तै बैंकिङ सेवा प्रवाहमा प्रत्यक्ष सम्पर्कमा रहने जनशक्ति तथा सेवाग्राहीको स्वास्थ्य सुरक्षा तथा सङ्क्रमणको सम्भावनालाई न्यूनीकरण गर्न आवश्यक स्वास्थ्य सुरक्षाका न्यूनतम उपाय अवलम्बन गर्नसमेत भनिएको छ । केन्द्रीय बैंकले स्यानिटाइजर, मास्क, थर्मल स्क्यानिङ, पञ्जाको अनिवार्यरूपमा व्यवस्था गर्न निर्देशन दिएको छ ।

सेवाग्राहीको भीडभाड नहुने सुनिश्चितताका साथ सेवा प्रवाह गर्ने र विद्युतीय माध्यमबाट हुने कारोवारलाई थप प्रोत्साहित गर्न केन्द्रीय बैंकले भनेको छ । बैंकका कार्यकारी निर्देशक ढकालले सुरक्षाको प्रबन्धलाई विशेष ख्याल गर्न भनिएको बताउनुभयो । यही चैत ९ गते आइतबारदेखि चैत २१ गतेसम्म सरकारले आवश्यक सेवाबाहेक अन्य सेवालाई बन्द गरेको छ । केन्द्रीय बैंकबाट इजाजत प्राप्त गरेका क, ख, ग र घ वर्गका बैंक तथा वित्तीय संस्थाले कम भीभाड गरी सेवाग्राहीलाई सेवा दिन विद्युतीय कारोवारलाई प्राथमिकता दिएका हुन् ।

त्यसो त नेपाल बैंकर्स सङ्घले यही चैत ७ गते नै बैंक तथा वित्तीय संस्थाका शाखाहरूमा भीडभाड कम गर्न तथा विद्युतीय कारोवारलाई प्रोत्साहन गर्न आग्रह गरिसकेको छ । इन्टरनेट मोबाइललगायत विभिन्न विद्युतीय माध्यमबाट गरिने कारोवारमा कुनै शुल्क नलाग्ने सङ्घले घोषणा गरिसकेको छ । कुनै पनि बैंक तथा वित्तीय संस्थाको कार्ड नेपालभित्र अन्य कुनै पनि बैंक तथा वित्तीय संस्थाको एटिएम प्रयोग गर्दा कुनै शुल्क नलाग्ने व्यवस्था गरिएको छ । नेपाल क्लियरिङ हाउसले प्रदान गर्ने कनेक्ट आइपीएस सेवामा कुनै शुल्क नलाग्ने समेत व्यवस्था गरिएको छ ।

पछिल्लोपटक कोरोना भाइरसको सङ्क्रमण नोटबाट समेत फैलने एवं सर्नसक्ने अवस्था आएको छ । अध्ययनबाट कोरोना सङ्क्रमणको खतरा नोटबाट पनि देखिएको छ । नोट कारोवारको सट्टा कार्ड तथा विद्युतीय कारोवारको माध्यम प्रयोग गर्न आग्रह गरिएको छ । नेपाल बैंकर्स सङ्घ, डेभलपमेन्ट बैंकर्स एशोसिएशन र नेपाल वित्तीय संस्थासङ्घले नै ती विषयलाई पूर्णरूपमा लागू गर्न भनेका छन् ।

केन्द्रीय बैंकको निर्देशनअनुसार आफूहरूले सबै शाखामा उपयुक्त व्यवस्था गरेको प्रभु बैंकका प्रमुख कार्यकारी अधिकृत अशोक शेरचनले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "हामीले ग्राहकलाई सकेसम्म विद्युतीय कारोवार गर्न आग्रह गरेका छौं ।" प्रभु बैंकले मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङ तथा कनेक्ट आइपीएसमार्फत विद्युतीय कारोवारलाई थप सहज बनाएको छ । प्रमुख कार्यकारी अधिकृत शेरचनका अनुसार काउन्टरमा बस्ने कर्मचारीलाई सुरक्षाका सबै व्यवस्था गरिएको छ । यस्तै बैंकमा आउनैपर्ने ग्राहकको ज्वरो नाप्ने, हात धुन लगाएर वा स्यानिटाइजर प्रयोग गरेरमात्रै छिर्ने व्यवस्था मिलाइएको छ ।

उता सरकारी स्वामित्वको नेपाल बैंकले पनि सबै कर्मचारीको परीक्षणपछि मात्रै कार्यालय प्रवेश गराउने गरेको छ । सो बैंकले पनि सकेसम्म ग्राहकलाई विद्युतीय कारोवार गर्न प्रोत्साहित गरेको छ । बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णबहादुर अधिकारीका अनुसार बैंकमा सकेसम्म भीडभाड कम गर्ने गरी व्यवस्था मिलाइएको छ । उहाँले भन्नुभयो, "हामीले विद्युतीय कारोवारलाई नै बढी जोड दिएका छौं, ग्राहकलाई अनुरोध गरेका छौं, बैंकमा आउनैपर्ने अवस्था आएको खण्डमा पनि सुरक्षित हुन भनेका छौं ।"

अधिकाशं बैंक तथा वित्तीय संस्थाले सरकारको आग्रहअनुसार नै सङ्क्रमण फैलन नदिन विशेष व्यवस्था गरेका छन् भने केन्द्रीय बैंकको निर्देशनलाई समेत पूर्णरूपमा पालना गरेका छन् । त्यसो त एटिएम प्रयोग गर्ने ग्राहकलाई समेत सुरक्षित तरिकाले पैसा निकाल्न एटिएम भएकै स्थानमा स्यानिटाइजरको व्यवस्था गर्ने मागसमेत उठेको छ । बैंक तथा वित्तीय संस्थाले ग्राहकबाट आएको त्यस्तो सुझावलाई कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएका छन् । त्यसो त विद्युतीय सेवा प्रदान गर्दै आएको इ-सेवाले पनि निःशुल्क पैसा पठाउने वा पाउने व्यवस्था गरेको छ । देशभरका जुनसुकै बैंक तथा वित्तीय संस्थामा पैसा पठाउँदासमेत कुनै शुल्क नलाग्ने इ-सेवाले जनाएको छ ।

यस्तै नेपाल बैंकले नेपाल सरकारको पहललाई साथ दिँदै कोरोनाविरुद्धको सङ्घर्षमा सहयोग पुऱ्याउन रु एक करोड प्रदान गर्ने भएको छ । मानवीय विपद्को घडीमा देशमा कोभिड-१९ को सम्भावित सङ्क्रमण, रोकथाम र नियन्त्रण गर्न नेपाल सरकारले गरेको पहलकदमीलाई साथ दिन उक्त विपद्बाट सिर्जना हुनसक्ने जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि बैंकबाट संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत नेपाल सरकारले निर्धारण गरेको कोषमा जम्मा हुने गरी प्रदान गरिने भएको हो । बैंकको सञ्चालक समितिको बैठकले सो निर्णय गरेको बैंकका प्रवक्ता प्रकाशकुमार अधिकारीले जानकारी दिनुभएको छ ।

## सामान्य प्रकृतिका मुद्दाका थुनुवालाई रिहा गर्ने रणनीति

धनुषा, १० चैत (रासस) ।

विश्वव्यापीरूपमा कोरोना भाइरसको त्रास फैलिएपछि जिल्ला प्रहरी कार्यालय धनुषाले विभिन्न अपराध अनुसन्धानको लागि हिरासतमा राखेका आरोपीलाई मुद्दाको प्रकृति हेरी रिहा गरेर प्रहरी हिरासतको चाप घटाउने रणनीति लिएको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी उपरीक्षक रमेशकुमार बस्नेतले गम्भीर प्रकृतिबाहेक प्रहरी हिरासतमा रहेका सामान्य प्रकृतिका मुद्दाका अभियुक्तलाई रिहा गरेर चाप घटाउन लागेको बताउनुभयो । कोरोना भाइरस सङ्क्रमणको त्रास रहेका बेला प्रहरीको हिरासतमा थुनामा भीडभाड हुँदा असुरक्षा हुने भएको हुँदा प्रहरीले थुनुवालाई छिट्टै मुद्दा हेर्ने निकायमा पेश गरेर पुर्पक्षका लागि थुनामा वा रिहा गरिरहेको छ ।

प्रहरी उपरीक्षक बस्नेतले कोरोना सर्ने खतराका कारण सामान्य प्रकृतिका मुद्दाका थुनुवालाई रिहा गर्ने रणनीति रहेको बताउनुभयो । प्रहरी नायब उपरीक्षक रामेश्वर कार्कीले आइतबार १२ थुनुवालाई मुद्दा हेर्ने निकायमा पेश गरिएकामा चार पुर्पक्षका लागि थुनामा पठाइएको र आठ जनालाई रिहा गरिएको जानकारी दिनुभयो ।

प्रहरी नायब उपरीक्षक कार्कीले सोमबार पनि १० थुनुवालाई मुद्दा हेर्ने अधिकारीसमक्ष पेश गरिरहेको बताउनुभयो । प्रहरी कार्यालयको हिरासतमा ६० जना थुनामा छन् ।

## प्रम सचिवालय सदस्यबाट एक महिनाको तलब कोषमा

काठमाडौं, १० चैत (रासस) ।

प्रधानमन्त्री केपी शर्मा ओलीको सचिवालयका सदस्यले 'कोरोना भाइरसको सङ्क्रमणविरूद्ध विशेष कोष' मा एक महिनाको पारिश्रमिक दिनुहुने भएको छ । प्रधानमन्त्रीका प्रेस सल्लाहकार सूर्य थापाले कोषलाई सहयोग गर्नका लागि सचिवालयमा रहेका सबैले एक महिनाको तलब दिने निर्णय गरेको जानकारी दिनुभयो ।

उहाँका अनुसार सचिवालयमा रहेका ६ जनाले एक महिना र तीन जनाले आधा महिनाको पारिश्रमिक बराबर

*बाँकी तीन पृष्ठमा*

## अठार किलो गाँजासहित पक्राउ

पर्सा, १० चैत (रासस) ।

पर्साको बहुदरामाई नगरपालिकाबाट सोमबार प्रहरीले १८ किलोग्राम प्रतिबन्धित लागुऔषध गाँजासहित तीन नेपाली नागरिकलाई पक्राउ गरेको छ । बीआर०५एफ ६५६६ नंको मोटरसाइकल लोड गरी भारततर्फ जाँदै गरेको तीन व्यक्तिलाई प्रहरीले नगरपालिकाको वडा नं ५ बाट पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा बहुदरामाई नगरपालिका-५ निवासी ५५ वर्षीय राधाकृष्ण राउत अहिर, ५० वर्षीय लक्ष्मण महतो कोइरी र पर्साकै पकहामैपुर गाउँपालिका-१ निवासी ५० वर्षीय मन्द्रिका सहनी रहेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक गौतम थापाले जानकारी दिनुभयो ।

उहाँले नेपाललबाट भारततर्फ लागुऔषधको तस्करी भइरहेको पूर्वसूचनाका आधारमा कारवाही गर्दा उक्त परिमाणको गाँजासहित तीनै जनालाई पक्राउ गरिएको बताउनुभयो ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569






# सरकारले कोभिड-१९ का सङ्क्रमितलाई उद्धार गरी उपचार गर्ने

काठमाडौं, १० चैत (रासस) ।
स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री भानुभक्त ढकालले कोरोना भाइरस पोजेटिभ देखिएका कुनै पनि बिरामीलाई सरकारले उद्धार गरेर उपचार गर्ने बताउनुभएको छ । मन्त्रालयमा सोमबार आयोजित पत्रकार सम्मेलनमा उहाँले कुनै पनि कोभिड-१९ का बिरामी भेटिए सरकारले निःशुल्क उपचार गर्नेसमेत बताउनुभयो । "कुनै व्यक्तिमा कोभिड-१९ पोजेटिभ देखिए हामी हवाईमार्ग वा स्थलमार्गबाट त्यस्ता व्यक्तिको सुरक्षितरूपमा उद्धार गरेर अस्पताल लगेर उपचार गर्छौं", उहाँले भन्नुभयो ।

उहाँले नेपालमा पनि कोरोना पोजेटिभ देखिएपछि थप सावधानी अपनाउनुपर्छ भन्दै कोभिड-१९ पोजेटिभ देखिएपछि नेपाल अब ग्रीनजोनमा नरहेको समेत बताउनुभयो । "हिजोसम्म हामी ग्रीन जोनमा रहेका थियौं", उहाँले भन्नुभयो, "कोभिड-१९ पोजेटिभ देखिएपछि हामी अब धैर्य गरेर थप सावधानी अपनाउनुपर्छ ।" फ्रान्सबाट नेपाल आएकी १९ वर्षीया युवतीमा कोभिड-१९ देखिएको मन्त्रालयका प्रवक्ता डा विकास देवकोटाले जानकारी दिनुभएको थियो । गत मङ्गलबार आउनुभएका उहाँको परीक्षणका क्रममा कोभिड-१९ पोजेटिभ देखिएपछि आइतबार बेलुका शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा भर्ना गरिएको छ ।

मन्त्री ढकालले विगतमा पनि कोभिड-१९ पोजेटिभ देखिएको र १० दिनको उपचारपछि नेगेटिभमा परिणत भएको हो भन्दै अहिले देखिएका व्यक्तिलाई उपचारपछि नेगेटिभ परिणत गराइने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले कोरोना भाइरस परास्त गर्न नेपालीले देखाएको दृढताप्रति सराहना गर्दै कोभिड-१९ पोजेटिभ देखिएपछि अझ सावधानी अपनाउनुपर्ने बताउनुभयो ।

उहाँले कोभिड-१९ पोजेटिभ देखिएका व्यक्तिका सम्पर्कमा रहेका परिवार तथा साथीभाइ पनि क्वारेन्टाइनमा राखी उपचार गरिने जानकारी दिनुभयो । "उहाँको परिवारलाई समेत होम क्वारेन्टाइनमा राखिएको छ । फ्रान्सबाट आएका साथीभाइको पनि हामीले खोजी गरिहेका छौं", उहाँले भन्नुभयो, "उहाँहरू सबैलाई क्वारेन्टाइनमा राखी उपचार गर्छौं ।"

उहाँले आइतबारदेखि चीन र भारतका सीमा एक हप्तासम्म बन्द गरिएको जानकारी गराउँदै ती दुई देशबाट आएका नेपालीलाई होम क्वारेन्टाइनमा बस्नसमेत भनिएको बताउनुभयो । कोरोना अतिप्रभावित ५५ देश र ती देशबाट ट्रान्जिट भएर आउने यात्रुलाई नलिने भनेर निर्णय भए पनि केही अपवादका घटना भएपछि होम क्वारेन्टाइनमा पठाइएको जानकारी उहाँले दिनुभयो । खरिपाटीस्थित क्वारेन्टाइन आकस्मिकका लागि राखिने उहाँले बताउनुभयो । हवाईमार्गबाट आएका र तत्काल आफ्नो बस्ने व्यवस्था नभएकाहरूलाई सरकारले खरिपाटीमा राखेको छ । बाहिरबाट आएका सङ्क्रमितलाई अप्ठ्यारो भयो भने सरकारले तोकिएका क्वारेन्टाइनमा बस्ने व्यवस्था गरिएको जानकारी दिनुभयो ।

**सबै प्रदेशमा टेकु अस्पतालस्तरीय प्रयोगशाला**

सातै प्रदेशका मुख्यमन्त्री र सामाजिक विकासमन्त्रीको बैठकपछि सबै प्रदेशमा टेकु अस्पतालमा रहेको स्तरको प्रयोगशाला निर्माण गरिने जानकारी मन्त्री ढकालले दिनुभयो । सम्बन्धित प्रदेशमा कोभिड-१९ सँग सम्बन्धित रोगका बारेमा मात्र उपचार गर्ने गरी परिभाषित गरेर अस्पताल निर्माण गरिने उहाँले बताउनुभयो । सञ्चारमाध्यमलाई कोरोना भाइरससँगको लडाइँलाई कमजोर बनाउने खालका सूचना प्रवाह नगर्नसमेत मन्त्री ढकालले आग्रह गर्नुभयो ।

कोरोना भाइरससँग सम्बन्धित औषधि सामग्री ल्याउनका विदेशस्थित कूटनीतिक नियोगबाट पहल भइरहेको उहाँले बताउनुभयो । विदेशबाट अत्यावश्यक सामग्रीको सुनिश्चितता हुनेबित्तिकै सरकारले तयारी अवस्थामा राखिएका हवाईजहाजलाई पठाइने उहाँको भनाइ थियो । सरकारले चीन र भारतबाट सामग्री ल्याउने तयारी गरेको छ । मन्त्रालयका प्रवक्ता डा विकास देवकोटाले टेकुस्थित प्रयोगशालालाई विस्तार गरेर कोरोना भाइरसको नमूना परीक्षण बढाइने जानकारी दिनुभयो । उहाँका अनुसार अहिलेसम्म ६०० जनाको नमूना परीक्षण गरिएको छ ।

# हिरा लुटेको अभियोगमा असइसहित तीन प्रहरी पक्राउ

हेटौंडा, १० चैत (रासस) ।
मकवानपुर प्रहरीले बहुमूल्य पत्थर (हिराजस्तै देखिने) लुटपाटमा संलग्न भएको भन्दै प्रहरी सहायक निरीक्षकसहित तीन प्रहरी र आफूलाई पत्रकार बताउने एक जनालाई पक्राउ गरेको छ ।

मकवानपुरको कैलाश गाउँपालिका-५ का ७० वर्षीया वृद्धा धनलक्ष्मी गुरुङको साथमा रहेको हिरा खरिद गर्ने बहानामा हेर्न मागेको र मोलमोलाइ गरेको जस्तै गरी पेस्तोल देखाएर लुटपाट गरी भागेको उनीहरूलाई आरोप लागेको छ । आफूलाई पत्रकार बताउने ललितपुर महानगरपालिका भैंसेपाटी बस्ने वर्ष १९ का सुजन आचार्य, सुर्खेत वीरेन्द्रनगर-१२ बस्ने वर्ष २६ का प्रहरी सहायक निरीक्षक सुरेन्द्र बसेल, जाजरकोट शिवालय-२ बस्ने वर्ष २७ का प्रहरी जवान वीरबहादुर बस्नेत र दाङ सिजुवा गाउँपालिका-१ बस्ने वर्ष २८ का प्रहरी जवान हिमकान्त पुन मगरलाई पक्राउ गरी सोमबार पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरिएको हो ।

लुटपाटको खबरपछि खटिएको इलाका प्रहरी कार्यालय पालुङको टोलीले उनीहरूलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख प्रहरी उपरीक्षक सुशीलसिंह राठौरले जानकारी दिनुभयो ।

प्रहरीले उनीहरूको साथबाट ६१.३० क्यारेटको बहुमूल्य पत्थर हिरा १२.२६० ग्राम एक थान, गोलीलोड भएको म्यागिजनसहितको चाइनिज पेस्तोल एक थान, विभिन्न कम्पनीका वाकीटकी सेट चार थान, क्यामरा एक थान, मेटल डिटेक्टर दुई थान, मोबाइल छ थान, ल्यापटप एक थान, वन्यजन्तुको सिङजस्तो देखिने वस्तु एक थान र लुटपाट गरी भाग्न प्रयोग गरिएको प्रदेश-३-०१-०१-००२२ च ३३६२ नंको कार बरामद गरेको छ ।

*प्रम सचिवालय ...*

रकम दिने हुनुभएको छ । मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, विदेश मामिला सल्लाहकार डा राजन भट्टराई, प्रेस सल्लाहकार थापा, आर्थिक विकास मामिला सल्लाहकार लालशङ्कर घिमिरे, प्रमुख स्वकीय सचिव इन्द्र भण्डारी र स्वकीय सचिव राजेश बज्राचार्यले कोषमा एक महिनाको तलब दिनुहुने छ ।

यसैगरी सचिवालयमा रहनुभएका विकास पूर्वाधारविज्ञ गजेन्द्र थपलिया, सञ्चारविज्ञ रामशरण बजगाईं र स्वकीय सहसचिव होमबहादुर थापाले आधा महिनाको तलब दिनुहुने छ ।








## विश्व समाचार

# कोरोनाबाट विश्वभरिमा १४ हजार ७ सय ४ को मृत्यु

जेनेभा, १० चैत (रासस/एएफपी) ।
विश्वभरि महामारीका रुपमा फैलिँदै गएको कोरोना भाइरसको सङ्क्रमणको कारण सोमबारसम्म चौध हजार ७०४ व्यक्तिको मृत्यु भएको छ ।

विश्व स्वास्थ्य सङ्गठनले सार्वजनिक गरेको विवरणअनुसार संसारभरि तीन लाख ४० हजार ३२ जना कोरोना भाइरस सङ्क्रमित भएका छन् ।

सङ्क्रमित व्यक्तिमा ९९ हजार १६ जना उपचारपछि घर फर्किएका छन् । दुई लाख २६ हजार ३१२ व्यक्ति हाल सङ्क्रमित रहेका छन् । कोरोना भाइरस कोभिड-१९ को सङ्क्रमण हालसम्म १९२ भन्दा बढी देशमा देखा परीसकेको छ ।

चीनको हुबेई प्रान्तको उहान शहरबाट शुरु भएको कोभिड-१९ लाई विश्व स्वास्थ्य सङ्गठनले 'विश्वव्यापी महामारी'को सङ्ज्ञा दिएको छ ।

चीनको हुबेई प्रान्तको उहानबाट शुरु भएको यस कोरोना भाइरस सङ्क्रमणबाट चीनभरि तीन हजार २७२ व्यक्तिको मृत्यु भएको छ भने, ८१ हजार ९३ जना सङ्क्रमित रहेका छन् ।

हाल कोरोना भाइरसका कारण अत्यन्त प्रभावित भएको इटालीमा यस रोगको सङ्क्रमणको कारण पाँच हजार ४७६ व्यक्तिको मृत्यु भएको छ । हाल ५९ हजार १३८ जना सङ्क्रमित रहेका छन् । सोमबार प्राप्त एक समाचारका अनुसार सात हजार २४ व्यक्ति उपचारपछि घर फर्किएका छन् । इरानमा कोरोना भाइरसको सङ्क्रमणको कारण एक हजार ६८५ व्यक्तिको मृत्यु भएको छ । हाल २१ हजार ६८५ जना सङ्क्रमित रहेका छन् । सात हजार ९१३ व्यक्ति उपचारपछि घर फर्किएका बताइएको छ ।

कोरोना भाइरसको सङ्क्रमणको कारण स्पेनमा १ हजार ७७२ व्यक्तिको मृत्यु भएको छ । हाल २८ हजार ७६८ जना सङ्क्रमित रहेका छन् । सोमबार प्राप्त एक समाचारका अनुसार दुई हजार ५७५ व्यक्ति उपचारपछि निको भएर घर फर्किएका छन् ।

जर्मनी कोरोना भाइरसको सङ्क्रमणको कारण ९४ व्यक्तिको मृत्यु भएको छ । हाल २४ हजार ८७३ जना सङ्क्रमित रहेका छन् । सोमबार प्राप्त एक समाचारका अनुसार २६६ उपचारपछि निको भएर घर फर्किएका छन् । संयुक्त राज्य अमेरिकामा कोरोना भाइरस सङ्क्रमणको कारण ४५७ व्यक्तिको मृत्यु भएको छ । हाल ३५ हजार ६० जना सङ्क्रमित भने १७८ उपचारपछि निको भएर घर फर्किएका छन् ।

फ्रान्समा कोरोना भाइरस सङ्क्रमणको कारण ६७४ व्यक्तिको मृत्यु भएको छ । हाल १६ हजार १८ जना सङ्क्रमित रहेका छन् । एक हजार २९५ उपचारपछि निको भएर घर फर्किएका छन् ।

दक्षिण कोरियामा कोरोना भाइरस सङ्क्रमणको कारण १११ व्यक्तिको मृत्यु भएको छ । आठ हजार ९६१ सङ्क्रमित भएका छन् । सोमबार प्राप्त एक समाचारका अनुसार तीन हजार १६६ उपचारपछि निको भएर घर फर्किएका छन् ।

स्विट्जरल्याण्डमा कोरोना भाइरस सङ्क्रमणको कारण ९८ व्यक्तिको मृत्यु भएको छ । सात हजार ७२४ सङ्क्रमित भएका छन् । यसैबीच १३१ जना भने उपचारपछि घर फर्किएका छन् ।

बेलायतमा कोरोना भाइरस सङ्क्रमणको कारण २८१ व्यक्तिको मृत्यु भएको छ । पाँच हजार ६८३ सङ्क्रमित भएका छन् । यसैबीच १३५ जना भने उपचारपछि निको भएर घर फर्किएका छन् ।

नेदरल्याण्डमा कोरोना भाइरस सङ्क्रमणको कारण १७९ व्यक्तिको मृत्यु भएको छ । चार हजार २०४ सङ्क्रमित भएका छन् । यसैबीच २ जना भने उपचारपछि निको भएर घर फर्किएका छन् ।

अष्ट्रियामा कोरोना भाइरस सङ्क्रमणको कारण १६ व्यक्तिको मृत्यु भएको छ । तीन हजार ६१९ सङ्क्रमित भएका छन् । यसैबीच ९ जना भने उपचारपछि निको भएर घर फर्किएका छन् ।

बेल्जियममा कोरोना भाइरस सङ्क्रमणको कारण ७५ व्यक्तिको मृत्यु भएको छ । तीन हजार ४०१ सङ्क्रमित भएका छन् । यसैबीच ३४० जना भने उपचारपछि निको भएर घर फर्किएका छन् । भारतमा हालसम्म कोरोनाभाइरस सङ्क्रमणबाट सात व्यक्तिको मृत्यु भएको छ । अफगानिस्तानमा ४० मा सङ्क्रमण देखिएको र एकको मृत्यु भएको छ ।

# जर्मनीमा नयाँ नियम, चान्सलर एन्जेला मार्केल पनि क्वारन्टाइनमा

बर्लिन, १० चैत (रासस /एएफपी) ।
विश्वमा महामारीका रुपमा फैलिएको कोरोना भाइरस महामारी फैलिन नदिने उद्देश्यले जर्मनीले घर तथा कार्यालयबाहेक अन्य स्थानमा दुईजनाभन्दा धेरै जम्मा हुन नपाइने नियम लागू गरेको छ ।

यसैबीच त्यहाँ जर्मनीका चान्सलर एन्जेला मार्केलको सम्पर्कमा आएका एक चिकित्सकलाई कोरोना भाइरस सङ्क्रमण भएको थाहा भएपछि मार्केल क्वारन्टाइन अर्थात् एकान्तवासमा बस्नु भएको उहाँका प्रवक्ताले बताउनु भएको छ ।

कोरोना भाइरस प्रकोप नियन्त्रणका जर्मनीमा दुईजनाभन्दा धेरैको सार्वजनिक जमघटमा प्रतिबन्ध लगाएको छ । टेलभिजनमा सम्बोधन गर्नु हुँदै चान्सलर मार्केलले सङ्क्रमणको दर घटाउन आफ्नै व्यवहार सबभन्दा प्रभावकारी माध्यम भएको बताउनु भएको छ ।

सार्वजनिक स्थानमा एक अर्काभन्दा डेढ मिटर, अझ दुई मिटरको दूरीमा रहनुपर्ने अनिवार्य गरिएको नयाँ नियमहरू निकै नै कडा रहेका छन् । कार्यालय वा चिकित्सक कहाँ जान सकिने र स्वच्छ हावाका लागि एक्लै बाहिर निस्किन सकिने तर अन्य लगभग सबै सार्वजनिक जमघट प्रतिबन्धित गरिएको समाचारमा जनाइएको छ ।

चान्सलर सम्बोधन गर्नुभएको केही समयपछि उनको कार्यालयले उहाँ स्वयम् क्वारन्टाइनमा बस्ने निर्णय भएको बताइएको थियो । गत शुक्रवार उहाँलाई निमोनियाको खोप दिएका एक चिकित्सकमा कोरोना भाइरस सङ्क्रमण भएको पाइएपछि उहाँ आफैं क्वारेन्टाइनमा बस्नुपरेको हो । जर्मनीमा कोरोना भाइरस सङ्क्रमणको कारण ९४ व्यक्तिको मृत्यु भएको छ । हाल २४ हजार ८७३ जना सङ्क्रमित रहेका छन् । सोमबार प्राप्त एक समाचारका अनुसार २६६ उपचारपछि निको भएर घर फर्किएका छन् ।

# अत्यावश्यक बस्तु बाहेकका पसल बन्द

# कोरोनाको त्रासका बीच मजदुरी गर्न बाध्य

**दैनिक समाचारदाता**
**राजविराज, १० चैत ।**

कोरोना भाइरसको सम्भावित संक्रमणलाई मध्य नजर गर्दै स्थानिय प्रशासनले आवश्यक बाहेकका पसलहरु बन्द गर्न गरेको आग्रह विपरीत खुलेका केही पसलहरु प्रहरीले बन्द गराएका छन् । जसकारण सधै भिंडभाड रहने सप्तरीका प्रमुख बजारहरु सोमबार सुनसान देखिएका छन् ।

फाँटफुट रुपमा बजारमा देखिने सर्वसाधारण मास्क लगाएर हिडडुल गरिरहेको देखिएको छ भने सवारीसाधनहरु पनि सडकमा थोरै मात्रामा गुडिरहेको दृश्य देखिएको छ । कोरोनाको त्रास र प्रशासनको आग्रहका कारण सर्वसाधारण आ-आफ्नै घरमा सीमित भएपछि बजार सुनसान



बन्न पुगेको छ ।

यता स्थानीय प्रशासनले अत्यावश्यक काम बाहेक घर बाहिर ननिस्कन एकातिर आग्रह गरिरहेका छन् भने अर्कोतर्फ दैनिक ज्याला मजदुरी गरेर गुजारा गर्ने श्रमिकहरु भने अझै निरास हुन थालेका छन् ।

काम नगरि खान नपाउने र परिवारको लालनपालनमा समेत समस्या हुने भएको भन्दै उनीहरु चिन्ता व्यक्त गर्न थालेका हुन् ।

सोमबार पनि घर निर्माणका लागि मजदुरीमा भिडेका राजविराज नगरपालिका ६ निवासी राजु राउतले दैनिक ज्याला मजदुरीबाटै बिहान बेलुकाको चुलो बल्ने गरेकाले काम बन्द गरे बिहान बेलुकाको छाक पनि बन्द हुने चिन्ता व्यक्त गरेका छन् ।

यस्तै निर्माण कार्यमा खटिएका अर्का मजदुर रुपनी गाउँपालिका ६ बिरेन्द्र बजारका अकाश साहले कोरोना भाइरसबाट जोगिन घरमै बस्न प्रशासनले पर्चा, पम्प्लेट र माइकिङमार्फत सबैलाई आग्रह गरिरहेको सुनेको तर, घरभित्रै बसे परिवारको गुजारा कसरी चल्ने भन्ने प्रश्न गर्छन् ।

यस्तै लाचारी सुनाए ठेला मजदुर सत्यनारायण साफीले पनि । उनले भने, "हाम्रो पेशा घरबाटै संचालन हुन सक्दैन्, घरमै बसे परिवार पाल्न सकिन्न्, त्यसैले जोखीम मोलेर पनि ठेला लिएर घरबाहिर निस्केका हौं ।"

## मास्क बरामद

**दैनिक समाचारदाता**
**राजविराज, १० चैत ।**

कोरोना भाइरसको संक्रमणबाट बच्न अहिले सबै व्यक्तिले मास्कको प्रयोग गरिरहेका छन् । तर, मास्क बजारमा पाइरहेको अवस्था छैन् ।

यसैबीच प्रहरीले सप्तरीको हनुमाननगर कंकालिनि नगरपालिका वडा नं १४ बाट २ सय थान मास्क बरामद गरेको छ ।

नेपालबाट भारततर्फ अबैध रुपमा लैजादै गरेको १० हजार मुल्य बराबरको उक्त मास्क प्रहरी चौकी रम्पुरामल्हनियाले बरामद गरी भन्सार कार्यालय बुझाएको छ ।

# कोरोनाबाट सचेत र सर्तक रहन

# मेयर शम्भु यादवको आग्रह



**दैनिक समाचारदाता**
**राजविराज, १० चैत ।**

राजबिराज नगरपालिका प्रमुख शम्भु प्रसाद यादबले कोरोना भाईरसबाट सतर्क रहन सबैलाई आग्रह गरेका छन् ।

नेपाल कोरोनाको उच्च जोखिममा रहेकोले सबै नागरिकलाई सचेत र सर्तक उनले आग्रह गरेका हुन् । कोरोनाको बारे फैलाएको भ्रममामा नपरी बास्ताबिक्ता बुझेर जनचेतना जगाउन स्वास्थ्यकर्मी र जनप्रतिनिधिहरुलाई उनले निर्देशन समेत दिए ।

नगरप्रमुख यादबले कोरोनाको सम्भावित संक्रमणलाई मध्यनजर गर्दै बजार, बिद्यालय, मेला र बढी भिडभाड हुने स्थानमा प्रतिबन्ध लगाएको अबस्थामा अति आबश्यक बाहेक घरवाट बाहिर ननिस्कन उनले आग्रह गरे ।

उनले मदिरा सेवनकर्ता र गर्मीमा कोरोना संक्रमित हुदैन भन्ने हल्लाको पछि नपर्न आग्रह गर्दै हालसम्म कुनै पनि मुलुकले यस रोगको औषधि पत्ता लगाउन नसकेको स्पष्ट पारे ।

**बेरोजगार सूचीमा नाम दर्ता गर्नेबारे सूचना**

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आगामी आ .व.२०७७ मा 78/१००(एक सय (दिनको न्यूनतम रोजगारीमा संलग्न हुन चाहने बेरोजगार व्यक्तिले २०७६ चैत्र महिनाभर आफू स्थायी बसोबास गरेको वडा कार्यालयमा गई बेरोजगार सूचीमा नाम दर्ता गर्नुहुन सूचीत गरिन्छ ।

नेपाल सरकार
संचार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**


**NOVEL CORONA VIRUS (nCOV)**
सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

**नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू**

ज्वरो (१००.४°F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

*"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"*

**नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?**

नियमित रूपमा साबुन-पानीले हात धुने ।
खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**



स्वर्ण अवसर ! स्वर्ण अवसर !! स्वर्ण अवसर !!!



के तपाई राजविराजमा राम्रो गर्ल्स होस्टलको खोजीमा हुनुहुन्छ । यदि हुनुहुन्छ भने तपाईको घर देखि टाढा तर घर जस्तै सुविधा भएको "स्टुडेन्ट गर्ल्स होस्टललाई" सम्झनुहोस् ।

**सम्पर्क**
स्टुडेन्ट गर्ल्स होस्टल राजविराज-७, सप्तरी
(सिडियो कार्यालय देखि ५० मिटर पश्चिम)
फोन नं.- ०३१-५२१७९३, मो.-९८५२८२११९३
९८०१५२१७९३



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु → ipay remit, CITY EXPRESS MONEY TRANSFER (Money Transfer Made Easy), Best Remit (Quick & Easy), PRABHU Money Transfer (प्रभुको इच्छा; रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम), IME International Money Express, himal remit हिमालरेमिट, CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), इमेल : *rajbirajdainik@gmail.com*, वेवसाइट : *rajbirajdainik.com.np*